# बिर्तामोड राजपत्र

## बिर्तामोड नगरपालिका, बिर्तामोड, झापाद्धारा प्रकाशित

खण्ड: ४ सख्या: ७ असोज ०१ गते, २०८०

# भाग १

## सम्वत् २०८० सालको ऐन नं ७

बिर्तामोड नगरपालिकाको आर्थिक ऐन (पहिलो संशोधन) ऐन २०८०

प्रमाणिकरण मिति: २०८० भाद्र ३१ गते

**<u>प्रस्तावना</u>**

बिर्तामोड नगरपालिकाको आर्थिक बर्ष २०८०/०८१ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न स्थानीय कर तथा शुल्क संकलन गर्ने, कर छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बनेको बितामोड नगरपालिका आर्थिक ऐन २०८० लाई संशोधन गर्न वाञ्छनिय भएकोले नगरपालिकाको नगरसभाको मिति २०८०/०५/२५ मा सम्पन्न विशेष अधिवेसनले यो ऐन बनाएको छ ।

**प्रारम्भिक**

**<u>१. संक्षिप्त नाम र प्रारम्भ</u>**

(१) यो ऐनको नाम 'बिर्तामोड नगरपालिकाको आर्थिक ऐन (पहिलो संशोधन) ऐन २०८० रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**<u>२. संशोधन</u>**

(१) आर्थिक ऐन २०८० को दफा २ को उपदफा १, २ र ३ सट्टामा देहाय बमोजिम संशोधन गरिएको छ।

"नगरपालिका क्षेत्रभित्र अनुसुची -१ बमोजिम सम्पति कर लगाईने र असुलउपर गरिनेछ "

(२) आर्थिक ऐन २०८० को दफा ३ को शब्दहरुको सट्टामा देहाय बमोजिम संशोधन गरिएको छ।

"नगरपालिका क्षेत्रभित्रका जग्गामा त्यस्तो जग्गाको उपभोगका आधारमा अनुसुची-२ बमोजिम भूमिकर मालपोत लगाइने र असुलउपर गरिनेछ " ।

(३) आर्थिक ऐन २०८० को दफा ५ सँग सम्बन्धित अनुसुची ४ मा देहाय बमोजिम ण थप गरिएको छ।

ण. नगरपालिका भित्रका व्यवसायीक संघसस्थाको निर्वाचनको मतदाता सूचिमा समावेश हुन अनिवार्य रुपमा नगरपालिकाको व्यवसायिक प्रमाणपत्र लिइ अध्यावधिक समेत भएको हुनपर्नेछ।नगरपालिकाको व्यवसायीक प्रमाणपत्र नलिएका मतदाता सूचीबाट निर्वाचित व्यवसायीक संघसस्थाको कार्यसमितिलाई नगरपालिकाले मान्यता दिइने छैन ।

(४) आर्थिक ऐन २०८० को दफा १३ को अनुसुची १२ को ६ मा उल्लिखित सिफारिस दस्तुर भित्र आयस्रोत प्रमाणिकरण दस्तुरमा अनुसुचि ३ बमोजिम संशोधन गरिएको छ ।

(५) आर्थिक ऐन २०८० को दफा १३ को अनुसुची १२ मा देहाय बमोजिम थप गरिएको छ ।

१५. निर्माण कार्य र निर्माण समाग्रीको टेष्ट दररेट अनुसुची -४ बमोजिम लिइनेछ ।

**(३) कर समायोजन सम्बन्धी व्यवस्था :**(१) आर्थिक ऐन २०७९ बमोजिम ऐन संशोधन पूर्व कर तिर्ने करदाताको बढीहुन गएको कर पछिल्लो आर्थिक बर्षमा तिर्नुपर्ने करमा समायोजन गरि लिइनेछ ।

## अनुसुची -१
## दफा २ को उपदफा १ सँग सम्बन्धित
## नगरपालिकाले लगाउने सम्पति करका क्षेत्र र दरहरु

आर्थिक ऐन २०७९ को अनुसुची १ बमोजिम लगाइनेछ।

## अनुसुची -२
## दफा २ को उपदफा २ सँग सम्बन्धित
## नगरपालिकाले लगाउने भूमिकर मालपोत का क्षेत्र र दरहरु

आर्थिक ऐन २०७९ को अनुसुची २ बमोजिम लगाइनेछ।

## अनुसुची -३
## दफा २ को उपदफा ४ सँग सम्बन्धित
## आयस्रोत प्रमाणिकरण दस्तुर

| | | |
|---|---|---|
| क | रु १ देखी १० लाख सम्म | रु ५५०/- |
| ख | १० लाख १ देखी ३० लाख सम्म | रु २०५०/- |
| ग | रु ३० लाख बढीमा प्रत्येक लाखमा थप | रु १००/- |

अनुसुची -४
दफा २ को उपदफा ५ सँग सम्बन्धित

| S.N. | Description of Test | Unit | Rate |
|---|---|---|---|
| | **ROAD QUALITY CONTROL TEST** | | |
| 1 | Sieve Analysis Gradation of subbase, base. | No. | 600 |
| 2 | Field Density Test of road subbase and base works by sand replacement methods (**Compaction Test of Subbase and Base Layers**) | per holes | 1800 |
| 3 | Core cutting of Blacktopped Road **(Thk. of Wearing Coarse)** | No. | 1000 |
| | **BUILDING QUALITY CONTROL TEST** | | |
| 1 | Sieve Analysis Gradation of sand and aggregate. | No. | 600 |
| 2 | Slum Test of mortar (Workability) | No. | 400 |
| 3 | Making and prepare concrete cube mould for Compressive Strength Test | 1 set for 3 pcs | 1500 |
| 4 | Compressive Strength Test of Concrete Destructive Test | per set/ 3 pcs | 1050 |
| 5 | Strength Test of Concrete Non-Destructive Test | per site | 500 |

आज्ञाले,
बिनोद कुमार न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत